जिरी नगरपालिका

# स्थानीय राजपत्र

**जिरी नगर कार्यपालिकाबाट प्रकाशित**

खण्डः ९ संख्या १  २०८२ साल पुस २९ गते


भाग - १

जिरी नगरपालिका

सूचना २

## जिरी नगरपालिकाको घरेलु मदिरा (उत्पादन, नियन्त्रण, व्यवस्थापन तथा नियमन) ऐन, २०८२

**प्रस्तावना**

यस ऐनले परापूर्व कालदेखि धार्मिक, सांस्कृतिक, जातीय पहिचान तथा जीवनशैली बनिसकेको प्राकृतिक, जैविक र औषधीय गुणले युक्त पौराणिक पेय पदार्थको रूपमा प्रयोग हुँदै आएको स्थानीय पेय पदार्थलाई परम्परागत शैलीमै उत्पादन, भण्डारण तथा उपयोग गर्न विभिन्न प्रविधिको प्रयोग गरी वैज्ञानिक व्यवस्थापन गर्न, बहुमुल्य जडिबुटीहरूलाई उपयोग गर्न, स्थानीय अन्न तथा बालीहरू उत्पादनको लागि उत्प्रेरणा प्रदान गर्न, दीर्घकालीन अर्थतन्त्रको मेरुदण्ड तयार पार्न, स्थानीय रूपमा उत्पादित मदिराजन्य पेय पदार्थलाई गुणस्तरीय रुपमा उत्पादन, संकलन, भण्डारण, गुणस्तर नियन्त्रण, बिक्री–वितरण, व्यवस्थापन र निकासी गरी स्थानीय अर्थतन्त्रलाई सबल पार्न, स्थानीयस्तरमा खेर गैरहेका विभिन्न किसिमका फलफूल तथा जङ्गली फलफूल, जडिबुटीहरू, अन्नबालीहरूको प्रबर्द्धन गरी आर्थिक हित कायम गर्न तथा अव्यवस्थित रुपमा गरिने सम्पूर्ण मदिराको उत्पादन, बिक्री वितरण रोक्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले नगरसभाले यो कानून बनाएको छ।

नगरसभाबाट स्वीकृत मिति २०८२।०९।२७

## परिच्छेद १: संक्षिप्त नाम र प्रारम्भ

१.१ यस ऐनको नाम " जिरी नगरपालिकाको घरेलु मदिरा (उत्पादन, नियन्त्रण, व्यवस्थापन तथा नियमन) ऐन, २०८२" हुनेछ।

१.२ यो ऐन नगरसभाबाट स्वीकृत भए पश्चात प्रारम्भ हुनेछ।

## परिच्छेद २: परिभाषा र व्याख्या

२.१ "घरेलु मदिरा" भन्नाले धार्मिक, संस्कृतिक, जातीय पहिचान तथा जीवनशैली बनिसकेको प्राकृतिक, जैविक र औषधीय गुणले युक्त पौराणिक पेय पदार्थको रूपमा प्रयोग हुँदै आएको स्थानीय पेय पदार्थ जुन अन्न, फलफूल, जडिबुटी वा अन्य कुनै वस्तुलाई जीव रासायनिक प्रक्रियाद्वारा कुहाई वा अन्य कुनै तरीकाबाट तयार पारिएको पेय पदार्थ सम्झनुपर्छ र सो शब्दले रक्सी, जाँड, सिल्मा तथा अन्य मदिराजन्य पेय पदार्थ समेतलाई जनाउँछ।

२.२ "उत्पादन" भन्नाले स्थानीय मदिराजन्य पेय पदार्थ तयारगर्नका लागि आवश्यक पदार्थ कुहाउने, तताउने, पकाउने, जैविक मर्चा मिसाउने वा त्यस्तो पदार्थमा बास्ना वा स्वाद आउने गरी कुनै कुराको समिश्रण गर्ने वा स्थानीय मदिराजन्य पेय पदार्थ तयार गर्नको लागि अपनाइने सबै वा कुनै विधि वा कार्य सम्झनुपर्छ।

२.३ "अनुमतिपत्र" भन्नाले जिरी नगरपालिकाद्वारा यस ऐन बमोजिम स्थानीय मदिराजन्य पेय पदार्थ उत्पादन, बिक्री वितरण तथा निकासी गर्न दिइएको अनुमतिपत्र सम्झनुपर्छ।

२.४ "प्रविधि" भन्नाले जिरी नगरपालिकाद्वारा तयार पारिएको उत्पादन, संकलन, गुणस्तर परिक्षण तथा ब्राण्डिङ गर्नको लागि निर्दिष्ट गरिएको 'वेब' तथा मोबाइलमा आधिरित प्रविधि सम्झिनु पर्नेछ।

२.५ "उत्पादक" भन्नाले नगरपालिकाद्वारा अनुमतिपत्र प्राप्त गरेको मदिराजन्य पेय पदार्थ उत्पादन गर्ने व्यक्ति, फर्म, संस्था वा समूहलाई जनाउने छ।

## परिच्छेद ३: अनुमति तथा नियन्त्रण

३.१ अनुमति प्राप्त गरि उत्पादित घरेलु मदिराको ब्राण्डिङ, ग्रेडिङ, लेबलिङ र बिक्रि वितरण गर्न संघीय वा प्रदेश कानुन बमोजिमको मापदण्ड तथा प्रक्रिया पुरा गर्नुपर्नेछ। यसका लागि नगरपालिकाले आबश्यक सहजीकरण गर्न सक्नेछ।

३.२  घरेलु मदिरा उत्पादन गर्न  जिरी नगरपालिकाबाट तोकिए बमोजिमको अनुमतिपत्र लिनुपर्नेछ।

३.३  अनुमतिपत्र बिना व्यवसायिक उत्पादन वा बिक्री गर्न पाइने छैन।

३.४ उपदफा ३.३ को प्रक्रिया पुरा गरेपश्चात उत्पादकलाई नगरबाट बिक्रि अनुमतिपत्र दिनुपर्नेछ।

३.५ मदिराजन्य वस्तुको विक्रेताले संघीय तथा प्रदेश कानूनबमोजिम प्रक्रिया पूरा गरिसकेपछि मात्र जिरी नगरपालिकाबाट स्वीकृति लिनुपर्नेछ ।

३.६ नगरपालिकाले निश्चित क्षेत्र तथा मापदण्ड तोकी उत्पादन तथा बिक्रीमा रोक लगाउन सक्नेछ ।

**परिच्छेद ४: अनुगमन सम्बन्धी व्यवस्था**

४.१ अबैध रुपले उत्पादन, ब्राण्डिङ तथा बिक्रि वितरण भएको पाईएमा प्रमुख प्रशासकीय अधिकृत वा तोकिएको अधिकारीले खानतलासी, नियन्त्रण तथा जफत गर्न सक्नेछ।

४.२  खानतलासी गर्दा सुरक्षा निकायसँगको समन्वयमा स्थानीय जनप्रतिनिधिको रोहबरमा गर्नुपर्नेछ।

४.३ अनावश्यक दुःख दिने नियतले खानतलासी वा नियन्त्रण गर्ने अधिकारीलाई तोकिए बमोजिम जरिवाना हुनेछ।

**परिच्छेद ५: उत्पादन तथा नियन्त्रण**

५.१ खाद्यान्न वा किराना पसलसँगसँगै  मदिरा पसल खोल्न पाइने छैन।

५.२  धार्मिक वा घरायसी प्रयोजनका लागि उत्पादन गर्न अनुमति लिनु पर्नेछैन तर यसरी उत्पादित मदिरा विक्री वितरण गर्न पाइने छैन।

५.३ अठार वर्ष नपुगेका व्यक्ति तथा गर्भवती महिलालाई मदिरा बिक्री गर्न पाइने छैन।

५.४ प्लास्टिक पाउचमा मदिरा प्याकिङ वा बिक्री वितरण गर्न निषेध गरियको छ ।

**परिच्छेद ६: विवाद निरुपण, दण्ड तथा पुरस्कार**

६.१  सम्बन्धित पक्षहरुबीच कुनै विवाद उत्पादन भएमा सोको निरुपण जिरी नगरपालिकाको न्यायिक समितिले गर्नेछ।

६.२  न्यायिक समितिको निर्णय चित्त नबुझेमा संघीय कानून बमोजिम पुनरावेदन गर्न सकिनेछ।

६.३  ऐन विपरीत कार्य गर्ने व्यक्तिलाई रु. २,००० देखि २५,००० सम्म जरिवाना हुनेछ।

६.४ सुराक दिने व्यक्तिलाई जफत भएको सामानको मूल्यको १०% पुरस्कार स्वरूप दिन सकिनेछ।

**परिच्छेद ७: संशोधन, बचाउ तथा खारेजी**

७.१ यस ऐन बमोजिमको नियम, कार्यविधि तथा मापदण्ड बनाउने अधिकार नगर कार्यपालिकामा रहनेछ।